# बारागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# खोपवा, बारा

## बारागढी गाउँपालिकाको शिक्षा क्षेत्र सुधार कार्ययोजना, २०७६

गाउँ कार्यपालिकाबाट स्विकृत मिति:२०७८/०५/१३

प्रमाणित मिति: २०७८/०५/१५

१. नेपालका संविधान, २०७२ को अनुसूची-८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(ज) मा उल्लेखित आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धमा स्थानीय तहलाई प्राप्त काम, कर्तव्य र अधिकारको अधिकतम प्रयोग र कार्यान्वयन गर्नुपर्नेछ ।

२. शिक्षा ऐन, २०२८ (नवौं संशोधन सहित), शिक्षा नियमावली, २०५९ र बारागढी गाउँपालिकाको शिक्षा ऐन, २०७५ मा विद्यालय खोल्ने अनुमति, विद्यालयको स्विकृति, पाठयक्रम एवम् पाठयपुस्तक कार्यान्वयन, गाउँ शिक्षा समिति, वडा स्तरिय शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिको गठन, प्रधानाध्यापकको नियुक्ति, विद्यालयको कोष स्थापना र सञ्चालन, विद्यालय गाभ्ने, सार्ने बन्द गर्ने सम्बन्धी प्रावधान, लेखा परिक्षण, शिक्षक विद्यार्थी अनुपात, शुल्क, दण्ड सजाय सम्बन्धमा भएका प्रावधानहरुका कडाईका साथ कार्यान्वयन गर्नुपर्नेछ ।

३. वडा कार्यालयहरुले सम्बन्धित वडाको विद्यालयहरुको महिनामा कम्तिमा एक पटक अनुगमन गरी अनुगमन प्रतिवेदन गाउँपालिका कार्यालयमा पेश गर्नु पर्नेछ । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक दुई महिनामा कम्तिमा एक पटक सबै विद्यालयहरुको अनुगमन तथा मूल्यांकन गरी सोको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

४. अनुगमन गर्दा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, बारागढी गाउँपालिकाको शिक्षा ऐन, २०७५ मा उल्लेख भएका प्रावधानहरु कार्यान्वयन भए/नभएका, वार्षिक शैक्षिक कार्यतालिका अनुसार पठनपाठन भए/नभएको, विषयगत शिक्षकको व्यवस्था भए/नभएको, हरेक शुक्रवार अतिरिक्त क्रियाकलापहरुको संचालन हुने गरेको/नगरेको, विद्यालयमा शिक्षक विद्यार्थीको सर सफाईको अवस्था, विद्यालयको व्यवस्थापकीय अवस्था, यसअघि दिईएका सुझावहरु कार्यान्वय भए/नभएको लगायत विषयमा स्थलगत अध्ययन, अवलोकन गरी गाउँ शिक्षा समितिमा छलफल गरी सुझावसहित सोको यथार्थ विवरण गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

५. प्रत्येक विद्यालयले दुई महिनामा कम्तिमा एक पटक वडा समितिका अध्यक्ष, सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्यहरु सहितका अभिभावक भेला बोलाई अध्ययनरत विद्यार्थीहरुको अवस्थाको सम्बन्धमा जानकारी दिई आवश्यक पृष्ठपोषण लिनु र दिनु पर्नेछ । उक्त भेलामा शिक्षा, युवा तथा खेलकुद शाखा हेर्ने शिक्षा अधिकृत वा प्रतिनिधि र गाउँ शिक्षा समितिका प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ र निजहरुको समेत सुझाव समावेश गरी प्रतिवेदन तयार गरी गाउँ कार्यपालिका एवं गाउँ शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

६. माथि उल्लेखित प्रावधानहरु कार्यान्वयन नगर्ने विद्यालयका शिक्षकहरुका तलब, भत्ता तथा अन्य अनुदान रोक्का गरिनेछ । पहिलो चौमासिक वापतका तलव भत्ता तथा प्रशासनिक खर्च प्राप्त गर्न अघिल्ला आ.व.सम्मको लेखा परिक्षण प्रतिवेदन, विद्यालयको जिन्सी विवरण, सार्वजनिक सम्पत्तिको लगत, चालू आ.व.का लागि विद्यालयको स्वीकृत बजेट तथा गाउँपालिकाले तोकेका अन्य विवरणहरु अनिवार्य रुपमा विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयका सिफारिस समेत संलग्न गरी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ ।

७. विद्यालयमा अनिवार्य रुपमा शिक्षक तथा विद्यार्थीले तोकिए बमोजिमको पोशाक लगाउनु पर्नेछ । शिक्षक तथा विद्यार्थीको लागि परिचयपत्रको व्यवस्था गर्नु पर्नेछ । विद्यार्थीहरुलाई विद्यार्थी

झोलाको व्यवस्था गरी झोला  बोकेर मात्र विद्यालयमा आउनु पर्ने व्यवस्था कडाईका साथ कार्यान्वय गर्नु पर्नेछ ।

९. प्रत्येक महिनामा एकपटक १६ वटै विद्यालयका प्रधानाध्यापकहरुको बैठक गाउँपालिका कार्यालयमा वा रोटेशन अनुसार कुनै एक विद्यालयमा वा शिक्षा, युवा तथा खेलकुद शाखाको निर्देशनमा आयोजना गरिनेछ । उक्त बैठकमा सबै विद्यालयका प्रधानाध्यापक, शिक्षा, युवा तथा खेलकुद शाखाका अधिकृत वा प्रतिनिधि एवम् आवश्यकता अनुसार गाउँ कार्यपालिकाको कार्यालयको कर्मचारी प्रतिनिधिको सहभागिता रहनेछ ।

१०. विद्यालय समयमा कुनै पनि बहानामा कोचिङ/ट्युशन कक्षा संचालन गर्न पाईने छैन । विद्यालय समय बाहेकको समयमा कोचिङ कक्षा संचालन गर्न आवश्यक भएमा विद्यालय व्यवस्थापन समिति र शिक्षा, युवा तथा खेलकुद शाखाको सहमतिमा देहायका मापदण्ड र प्रक्रिया अनुसार कोचिङ/ट्युशन कक्षा संचालन गर्न सकिनेछ :(

(क) शैक्षिक शत्र सुरु भएको पहिलो चौमासिकसम्म कोचिङ/ट्युशन कक्षा सञ्चालन गर्न पाईने छैन।

(ख) विद्यालयमा कुनै विषयको टयुशन/कोचिङ कक्षा सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भएमा विद्यालय व्यवस्थापन समिति र शिक्षा, युवा तथा खेलकुद शाखाको सहमति लिई विद्यालय समय बाहेकका अवधिमा सञ्चालन गर्न सकिनेछ ।

(ग) विद्यालयमा संचालन हुने ट्युशन/कोचिङ कक्षा वापतको शुल्कको दर गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ । टयुशन/कोचिङ शुल्क वापत उठेका रकम मध्ये ८०% रकम सम्बन्धित शिक्षक र बाँकी २०% रकम विद्यालयको खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) कुनै शिक्षकले विद्यालयमा नियमित पठनपाठन गरी कोर्स बाँकि रही सो कोर्स पूरा गर्ने प्रयोजनका लागि निःशुल्क रुपमा अतिरिक्त कक्षा सञ्चालन गर्न सकिनेछ तर कोर्स पूरा गर्ने प्रयोजनका लागि कोचिङ/टयुशन कक्षा सञ्चालन गर्ने तथा शुल्क लिने काम गर्न पाईने छैन।

(ङ) विद्यालय बाहेक अन्य कुनै व्यक्ति वा संस्थाले आधारभूत तथा माध्यामिक तहसम्मका लागि कोचिङ/टयुशन कक्षा संचालन गर्न चाहेमा उक्त संस्थाले प्रचलित कानून बमोजिम गाउँपालिका एवंम् सम्बन्धित अन्य निकायमा दर्ता गरी अनुमति प्राप्त गरेर मात्र विद्यालय समय बाहेकका अवधिमा संचालन गर्न सक्नेछ । अनुमति नलिई संचालन भएका संस्थागत विद्यालय, कोचिङ तथा ट्युशन सेन्टर बन्द गरी रू.२५०००।- (पच्चिस हजार) सम्म जरिवाना समेत गर्न सकिनेछ ।

(च) विद्यालयमा एक शैक्षिक शत्रमा न्यूनतम ७५% हाजिरी नहुने विद्यार्थीलाई वार्षिक परीक्षामा संलग्न हुनबाट बञ्चित गरिनेछ । बिना कारण विद्यालयमा नियमित हाजिरी नहुने विद्यार्थीका हकमा अनुपस्थित दिनको लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा अनुपस्थित विद्याथीलाई जरिवाना समेत गर्न सकिनेछ ।

(छ) कुनै शिक्षक विद्यालय समयमा कुनै कोचिङ/टयुशन कक्षामा संलग्न भएको वा अन्य व्यवसायमा संलग्न भएको पाईएमा निजको सो दिनको तलब कट्टा गरी निजलाई विभागीय कारवाहीका लागि सिफारिस गरी पठाईनेछ ।

११. विद्यालयको सम्पत्ति हिनामिना गर्ने वा गर्न खोज्ने, शान्ति क्षेत्रको रुपमा रहेका विद्यालयमा तोडफोड, आगजनी गर्ने वा विद्यालयको पठनपाठनमा अवरोध पुऱ्याउन खोज्ने व्यक्तिलाई रू. ५००००।- (पचास हजार) सम्म जरिवाना र प्रचलित कानून बमोजिमका अन्य कारवाही गरिनेछ ।

१२. विद्यालयमा एवम् विद्यालय हाताभित्र कुनै पनि किसिमको धार्मिक तथा सांस्कृतिक अष्ठजाम, महायज्ञ, भोजभतेर गर्ने एवम् जन्ती राख्ने जस्ता कार्यहरु सख्त रुपमा निषेध गरिनेछ । यस्ता कार्यहरु गर्ने गराउनेलाई रु ५००००।- (पचास हजार) जरिवाना एवम् कानुन बमोजिम कारवाही गरिनेछ ।

१३. गाउँपालिकाबाट प्रत्येक विद्यालयमा शिर्षगत रुपमा निकासा भएको रकमको तत् तत् शिर्षकमा के कति काम सम्पन्न भयो सोको प्रगति प्रतिवेदन प्रत्येक विद्यालयले चौमासिक रुपमा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा र आर्थिक प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।

१४. नेपालको वर्तमान संविधानद्वारा प्रदत् आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने कुरालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। कुनै पनि बहानामा सामुदायिक विद्यालयले विद्यार्थीहरुसँग शुल्क लिन पाईने छैन ।

१५. अनुमति नलिई संचालन भईरहेका संस्थागत विद्यालयहरुलाई बन्द गरिनेछ ।

१६. विद्यालय अनुगमनलाई चुस्तदुस्त बनाई विद्यालयको शैक्षिक स्तर सुधार्न ध्यान नदिने विद्यालयका प्रधानाध्यापक एवं. शिक्षकहरुको तलबभत्ता समेत रोक्का गरिनेछ । विद्यालयमा नियमित उपस्थित भई शिक्षण क्रियाकलापमा संलग्न नहुने शिक्षकको अनुपस्थित दिनको तलब भत्ता कटौति गरिनेछ ।

१७. प्रत्येक विद्यालयले हप्तामा कम्तिमा एक दिन दैनिक जीवनयापनमा अति आवश्यक मानिने विषयवस्तु जस्तैः अनुशासन, शिष्टाचार, आचरण, नैतिक शिक्षा, आदिलाई अतिरिक्त क्रियाकलापमा समावेश गरी सैद्धान्तिक एवम् व्यवहारिक रुपमा शिक्षण सिकाई कियाकलाप सञ्चालन गरी संस्कारयुक्त सिकाईको सुरुवात गरिनेछ ।

१८. बार्षिक रुपमा गाउँपालिका स्तरिय वा विद्यालय स्तरिय पढाई मेला, शैक्षिक मेला/महोत्सव आयोजना गरिनेछ ।

१९. प्रत्येक विद्याललाई शिक्षण सिकाईमा शैक्षिक सामग्रीको भरपुर प्रयोग गर्न जोड दिई कम्तीमा पनि अर्धवार्षिक रुपमा शैक्षिक सामग्री निर्माण सप्ताह आयोजना गरी शैक्षिक प्रदर्शनी गरिनेछ।

२०. प्रत्येक विद्यालयमा जुनियर रेडक्रस, बाल क्लब र स्काउट गठन गरिनेछ ।

२१. छात्रवृति दिवस, पुस्तक वितरण दिवस तय गरी तोकिएको दिनमा वितरण गरिनेछ ।

२२. प्रत्येक विद्यालयमा बगैंचा निर्माण गरी पठन पाठनको लागि शान्त र सुमधुर वातावरण निर्माण गरिनेछ ।

२३. विद्यार्थी-शिक्षक प्रतिभा पहिचानको लागि विविध अतिरिक्त क्रियाकलापहरु संचालन गरिनेछ ।

२४. प्रत्येक शिक्षकले अनिवार्य दैनिक पाठ योजना, एकाई योजना, बार्षिक कार्ययोजना बनाई शिक्षक निर्देशिका बमोजिम योजनावद्ध शिक्षण गर्नुपर्नेछ ।

२५. प्रत्येक विद्यालयले अनिवार्य रुपमा विद्यार्थी लगबुक र शिक्षक डायरी व्यवस्था गरी उच्चतम प्रयोग गर्नुपर्नेछ ।

२६. प्रत्येक विद्यालयका प्रधानाध्यापकहरुसँग गाउँपालिकाले कार्य सम्पादन सम्झौता गरी सोही बमोजिम कार्य अगाडी बढाउनुपर्नेछ।

२७. प्रत्येक विद्यालयका प्रधानाध्यापकले पठनपाठनको भिडियो खिच्ने व्यवस्था गरी मासिक प्र.अ. बैठकमा गा.पा.को शिक्षा अधिकृत,
प्र.प्र.अ. वा अध्यक्षको उपस्थितिमा विषय शिक्षक बिच नमुना कक्षा प्रस्तुतिकरण गरिनेछ ।

२८. यसमा उल्लेखित वाहेकका अन्य कुराहरु गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमाणिकरण मितिः २०७८/०५/१५ गते

**आज्ञाले**
आमोद चौधरी
प्रमुख प्रशासकीय अधिकृत